# निर्वाचित र नियुक्त पदाधिकारीहरूको बहुआयामिक भूमिका तथा रूपान्तरणसम्बन्धी बहस

✍डा. दामोदर रेग्मी*

## कार्यकारी सारांश

*प्रजातान्त्रिक शासन प्रणालीमा निर्वाचित (Elected) र नियुक्त/छानिएका (Selected) पदाधिकारीहरूको बहुआयामिक भूमिका, उनीहरूको दक्षता, परस्पर निर्भरता तथा रूपान्तरणको आवश्यकता हुन्छ । सरकार सञ्चालनलाई प्रभावकारी, पारदर्शी र परिणाममुखी बनाउन दुवै प्रकारका पदाधिकारीहरूको भूमिका समानरूपमा अपरिहार्य रहन्छ । निर्वाचित नेतृत्व जनताबाट प्राप्त राजनीतिक वैधता, दूरदृष्टि, नीति निर्माण, निर्णय क्षमता, प्रतिनिधित्व तथा जनअपेक्षा रूपान्तरणमा केन्द्रित रहन्छ भने नियुक्त पदाधिकारीहरू प्राविधिक दक्षता, प्रशासनिक क्षमता, संस्थागत निरन्तरता, नियम परिपालना तथा नीति कार्यान्वयनका आधारस्तम्भ हुन् । निर्वाचित पदाधिकारिका नेतृत्वकारी, भविष्यपरक, रणनीतिक र कार्यगत दक्षताहरूले शासनको दिशा, प्राथमिकता तथा दीर्घकालीन यात्रा निर्धारण गर्छन्, जसमा दृष्टि निर्माण, संकट व्यवस्थापन, रणनीतिक सोच, जोखिम पूर्वानुमान, नवप्रवर्तन आत्मसात गर्ने क्षमता, कार्यक्रम कार्यान्वयन तथा सेवा प्रवाहमा जवाफदेहिता प्रमुख पक्षहरू हुन् । त्यस्तै, छानिएका पदाधिकारीहरूका प्राविधिक विशेषज्ञता, प्रशासनिक अनुशासन, स्रोत-साधन परिचालन, अनुगमन मूल्यांकन तथा सेवा प्रवाहमा दक्षताले शासनका नीतिहरूलाई व्यवहारमा परिणत गरी राज्य प्रशासनलाई स्थिरता र निरन्तरता प्रदान गर्छ । दुवै समूहका पदाधिकारीहरू बीच समन्वय आवश्यक क्षेत्रहरू जस्तो नीति निर्माण, कार्यक्रम कार्यान्वयन, जनसम्पर्क, समस्या समाधान, समावेशीतामूलक सहभागिता र जवाफदेहितामा सहकार्यको अभाव भएमा सुशासन कमजोर हुन सक्छ । यसका अतिरिक्त दक्षताहरू संचार कौशल, सहकार्य क्षमता, नैतिकता, पारदर्शिता, नवप्रवर्तनशीलता, परिवर्तनअनुकूलता र तथ्याङ्कमा आधारित निर्णय क्षमतालाई दुवै समूहका लागि आधुनिक शासनका अपरिहार्य गुणका रूपमा रहेका छन् । समग्रमा, यो अध्ययनले प्रजातान्त्रिक प्रणालीको सुदृढीकरण, सुशासन, सेवा प्रभावकारिता र परिणाममुखीताका लागि निर्वाचित र नियुक्त पदाधिकारीहरूबीचको सन्तुलित, पारदर्शी, सहकार्यपूर्ण र रूपान्तरणशील सम्बन्ध एक आधारभूत पूर्वशर्त भएको निष्कर्ष प्रस्तुत गरेकोछ ।*

**शब्द कुन्जीः-** *निर्वाचित पदाधिकारी, नियुक्त पदाधिकारी, उत्तरदायित्व, सार्वजनिक प्रशासन, नीति निर्माण प्रक्रिया, सुशासन, लोकतान्त्रिक शासन ।*

## पृष्ठभुमि

सरकार सञ्चालनमा निर्वाचित र छानिएका/नियुक्त पदाधिकारी दुबैको भूमिका महत्वपूर्ण हुन्छ। निर्वाचित जनप्रतिनिधिहरूले जनताको मतद्वारा पाएको जनादेशको आधारमा नीति, कानुन र दीर्घकालीन दृष्टिकोण

***डा. रेग्मी, नेपाल सरकारको पूर्व सचिव हुनुहुन्छ ।***

तय गर्ने काम गर्छन् । उनीहरूले राजनीतिक नेतृत्व, निर्णयको दिशा र प्राथमिकता निर्धारणमा भूमिका खेल्छन् । अर्कोतर्फ, छानिएका/नियुक्त पदाधिकारी (प्रशासक, प्राविधिक, विज्ञ आदि) ले आफ्नो ज्ञान, सीप र अनुभवका आधारमा ती नीतिहरूलाई कार्यान्वयन गर्ने जिम्मेवारी बहन गर्छन् । उनीहरूले प्रशासनिक दक्षता, प्राविधिक विशेषज्ञता र संस्थागत निरन्तरता सुनिश्चित गर्छन् । दुवैबीचको सहकार्य र सन्तुलनले मात्र सरकार सञ्चालन प्रभावकारी, जवाफदेही र परिणाममुखी हुन्छ । निर्वाचितको राजनीतिक वैधता र छानिएका अधिकृतहरूको प्राविधिक दक्षता मिल्दा सुशासन र विकास दुवै सम्भव हुन्छ ।

निर्वाचित पदाधिकारीहरू जनताले प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा मतदान गरेर छानेका पदाधिकारीहरू हुन् । उनीहरूले जनताबाट प्राप्त जनादेशका आधारमा काम गर्छन् र आफ्नो कार्यकालमा जनताप्रति जवाफदेही हुन्छन् । जनताको मतबाट आफ्नो पदमा पुगेका र नीति-निर्माण तथा राजनीतिक नेतृत्व गर्ने व्यक्तिहरू नै निर्वाचित पदाधिकारीहरू हुन् ।

नेपालको सन्दर्भमा हेर्दा, निर्वाचित पदाधिकारीहरूमा राष्ट्रपति, उपराष्ट्रपति, संघीय संसदका सदस्य (प्रतिनिधि सभा र राष्ट्रिय सभा), प्रदेश प्रमुख, प्रदेशसभा सदस्य, स्थानीय तहका प्रमुख/उप-प्रमुख, वडाध्यक्ष र वडासदस्यहरूलगायत राजनीतिक पदाधिकारी निर्वाचित पदाधिकारीहरूमा पर्दछन् । यसमा राजनीतिक नियुक्ति पाउने पदाधिकारीहरु पर्दछन् । संवैधानिक आयोग तथा निकायहरूमा सिफारिसमार्फत नियुक्त अधिकारीहरु, विज्ञ, प्राविधिक तथा विशेष योग्यता भएका व्यक्तिहरू (नियुक्त सल्लाहकार, प्राविधिक विशेषज्ञ आदि) लाई पनि यसै समूहमा राख्न सकिन्छ ।

छानिएका/नियुक्त पदाधिकारी भन्नाले जनताले प्रत्यक्ष मत हालेर नभई प्रतियोगितात्मक परीक्षा, सिफारिस, नियुक्ति वा पदस्थापन प्रक्रियाबाट छानिएका र तोकिएका पदाधिकारीहरू लाई बुझिन्छ । उनीहरू प्राविधिक दक्षता, प्रशासनिक सीप र व्यावसायिक योग्यता आधारित भएर जिम्मेवारीमा आउँछन् । क्षेत्रगत प्राविधिक दक्षता, योग्यता र प्रशासनिक प्रक्रियाबाट नियुक्त भई सरकार सञ्चालनमा सहयोग गर्ने पदाधिकारी नै छानिएका/नियुक्त पदाधिकारी हुन् ।

नेपालको सन्दर्भमा हेर्दा, छानिएका/नियुक्त पदाधिकारीमा निजामती सेवाका अधिकृत तथा कर्मचारीहरू, सुरक्षा अङ्गका अधिकृतहरु र जवान, प्राध्यापक ,शिक्षक, सार्वजनिक संस्थान, प्राज्ञिक निकायलगायतका पदाधिकारीहरू जो लोक सेवा आयोग वा विभिन्न तहका प्रतिस्पर्धात्मक परीक्षा उत्तीर्ण गरी आउने पदाधिकारीहरू पर्दछन् ।

छानिएका/नियुक्त पदाधिकारीको दक्षताको क्षेत्र मुख्यतया जनताबाट प्राप्त राजनीतिक वैधता र नेतृत्व क्षमतामा आधारित हुन्छ । उनीहरूको दक्षता प्राविधिकभन्दा बढी नीतिगत र नेतृत्वमूलक हुन्छ । छानिएका/नियुक्त पदाधिकारीका दक्षताका प्रमुख क्षेत्रहरू धेरै व्यापक र बहुआयामिक हुन्छन् । पहिलोरूपमा, उनीहरूलाई प्रभावकारी राजनीतिक नेतृत्व र स्पष्ट दृष्टिकोण आवश्यक पर्छ, जसको माध्यमबाट दीर्घकालीन नीति, रणनीति र राष्ट्रिय तथा स्थानीय प्राथमिकताहरू तय गर्न सकिन्छ । उनीहरूको अर्को महत्वपूर्ण भूमिका जनप्रतिनिधित्व हो, जसअन्तर्गत जनताको माग, अपेक्षा र हितलाई उचितरूपमा राजनीतिक एजेन्डामा रूपान्तरण गर्ने क्षमता आवश्यक पर्न आउँछ । त्यस्तै, नीति निर्माण उनीहरूको केन्द्रीय दक्षता हो, जसमा कानुन, नीति, योजना र कार्यक्रम बनाउने तथा त्यसको समग्र दिशानिर्देशन

गर्ने योग्यता पर्दछ । प्रभावकारी नेतृत्वका लागि निर्णय क्षमता अत्यन्त महत्त्वपूर्ण हुन्छ, विशेषगरी जटिल परिस्थिति, विवादास्पद मुद्दा वा बहुआयामिक हितहरूको समायोजन गर्नुपर्ने अवस्थामा सहमति र समाधान निकाल्ने कला आवश्यक हुन्छ । यससँगै जनसम्पर्क र संचार कौशल पनि अत्यन्तै निर्णायक हुन्छ, जसले जनतासँग नियमित संवाद, उनीहरूको आवाज सुन्ने र सम्बोधन गर्ने प्रक्रियालाई मजबुत बनाउँछ । दक्ष निर्वाचित पदाधिकारीहरूले जवाफदेहिता सुनिश्चित गर्ने भूमिकासमेत निर्वाह गर्छन्, जसद्वारा नीति तथा कार्यक्रमको कार्यान्वयनमा प्रशासनलाई उत्तरदायी बनाइन्छ । अन्ततः, सफल जनप्रतिनिधिमा कूटनीतिक सीप र सहकार्य क्षमता हुनुपर्छ, जसले विभिन्न दल, समुदाय, प्रदेश र अन्तर्राष्ट्रिय संस्थासँग सहकार्य तथा समन्वय गर्न मद्दत गर्दछ । यसरी हेर्दा, निर्वाचित पदाधिकारीहरूको दक्षता बहुआयामिक, जटिल र शासन प्रणालीको प्रभावकारिता निर्धारण गर्ने प्रमुख आधार हो ।

निर्वाचित पदाधिकारीहरूको दक्षता मुख्यतया राजनीतिक सोच, नीतिगत निर्णय क्षमता र नेतृत्वमा केन्द्रित हुने गर्दछ, जसले राज्य सञ्चालनको दिशा, प्राथमिकता र दीर्घकालीन यात्रालाई निर्धारण गर्छ । उनीहरूको नेतृत्वदायी भूमिका केवल वर्तमानको चुनौती समाधानमा सीमित नभएर आगामी विकास, स्थायित्व र सुशासनलाई समेत सुनिश्चित गर्न सक्षम हुनुपर्छ । प्रभावकारी जनप्रतिनिधिमा विशिष्ट नेतृत्वकारी दक्षता आवश्यक हुन्छ, जसअन्तर्गत दृष्टि निर्माणको क्षमता महत्वपूर्ण छ । देश वा समाजलाई कस्तो मार्गदिशा दिएर अगाडि बढाउने भन्ने स्पष्ट दृष्टिकोण प्रस्तुत गर्न सक्ने योग्यता आवश्यक हुन्छ । त्यस्तै, प्रेरणादायी नेतृत्वमार्फत जनता र प्रशासनलाई साझा लक्ष्यतर्फ उन्मुख गराउने शक्तिसमेत अपरिहार्य हुन्छ । जटिल वा विवादित परिस्थितिमा साहसिक र समयोचित निर्णय लिन सक्ने क्षमता प्रभावकारी शासनको अर्को आधार हो । संकट व्यवस्थापनमा दक्षता अत्यन्तै महत्त्वपूर्ण हुन्छ, जहाँ आपतकालीन् अवस्थाहरूमा जनताको विश्वास कायम राख्दै व्यावहारिक समाधान दिन ॐसक्ने नेतृत्व आवश्यक पर्छ । यस्तै, समावेशी दृष्टिकोणसहित सबै वर्ग, क्षेत्र र समुदायलाई समेटेर नेतृत्व गर्ने क्षमता पनि निर्वाचित पदाधिकारीहरूको गुणस्तर पहिचान गर्ने महत्वपूर्ण मापदण्ड हो ।

नेतृत्वका यी पक्षसँगै, उनीहरूमा भविष्यपरक दक्षता पनि बलियो रूपमा विकसित हुनुपर्छ । रणनीतिक सोचको माध्यमबाट तत्कालिक लाभभन्दा दीर्घकालीन् परिणामलाई प्राथमिकतामा राखेर नीति निर्माण गर्नुपर्ने हुन्छ । नवप्रवर्तनप्रति अनुकूलता राख्दै सूचना प्रविधि, हरित विकास तथा आधुनिक प्रशासनिक पद्धतिहरू आत्मसात् गर्न सक्ने क्षमता पनि इनिर्वाचित पदाधिकारीहरूमा अपेक्षित हुन्छ । साथै, अन्तर्राष्ट्रिय दृष्टिकोण राखेर वैश्विक परिवर्तन, अन्तर्राष्ट्रिय अभ्यास र क्षेत्रीय सहकार्यसँग सन्तुलन मिलाएर नीति निर्माण गर्न सक्नुपर्छ । भविष्य केन्द्रित नेतृत्वका लागि पुस्तान्तरणमुखी सोच अनिवार्य छ, जसले आगामी पुस्ताका अवसर, क्षमता र हितलाई प्राथमिकतामा राखेर निर्णय गर्न प्रेरित गर्छ । अन्ततः, आर्थिक, सामाजिक र वातावरणीय पक्षलाई सन्तुलनमा राख्दै सतत विकास उन्मुख नीति बनाउनु निर्वाचित पदाधिकारीहरूको अत्यावश्यक दक्षता हो । यसरी हेर्दा, नेतृत्व र भविष्यदृष्टिको संयोजन निर्वाचित पदाधिकारीहरूलाई प्रभावकारी, उत्तरदायी र रूपान्तरणकारी भूमिकामा सक्षम बनाउने आधारस्तम्भ बनेको छ ।

निर्वाचित पदाधिकारीहरूको रणनीतिक दक्षता भन्नाले दीर्घकालीन सोच, योजनाबद्धता, प्राथमिकता निर्धारण र व्यवहारिक कार्यान्वयनमा प्रतिफलित हुने क्षमता र सीपलाई जनाउँछ । यस्तो दक्षताले तत्कालिक राजनीतिक लाभभन्दा पर, देशको दिगो विकास, सुशासन र समग्र राष्ट्रिय हितलाई केन्द्रमा

राखेर शासन सञ्चालन गर्न सक्षम बनाउँछ । प्रभावकारी रणनीतिक दक्षता भएका जनप्रतिनिधिहरूले दीर्घकालीन दृष्टिकोण निर्माण गर्न सक्छन्, जसले वर्तमानका समस्याहरूसँगै भावी पुस्ताका आवश्यकता, अवसर र चुनौतीहरुलाईसमेत सम्बोधन गर्ने मार्गदर्शन प्रदान गर्छ । त्यस्तै, उपलब्ध स्रोत, साधन र बजेटलाई संतुलित, प्राथमिकतामा आधारित र दक्षतापूर्वक परिचालन गर्न सक्ने क्षमता उनीहरूको अर्को महत्वपूर्ण पक्ष हो । नीति तथा योजना निर्माणमा स्पष्टता राख्दै दीर्घकालीन नीति, राष्ट्रिय रणनीति र प्राथमिकताहरू पहिल्याउन सक्नु उनीहरूको रणनीतिक परिपक्वताको सूचक हो ।

रणनीतिक दक्षताको अर्को महत्त्वपूर्ण आयाम जोखिम पूर्वानुमान र व्यवस्थापन हो, जसअन्तर्गत सम्भावित राजनीतिक, आर्थिक वा सामाजिक संकटलाई पहिलेदेखि विश्लेषण गरी समयमै समाधान खोज्ने क्षमता आवश्यक हुन्छ । यस्तै, सरकार, निजी क्षेत्र, नागरिक समाज र अन्तर्राष्ट्रिय साझेदारसँग सहकार्य र समन्वय स्थापित गर्न सक्ने योग्यता पनि सफल रणनीतिक नेतृत्वको मूल आधार हो । प्रभावकारी जनप्रतिनिधिमा परिणाममुखी सोच विकसित हुन्छ, जसले योजनाहरूलाई ठोस कार्यान्वयनमार्फत उपलब्धि र परिणाममा रूपान्तरण गर्न सहायता पुर्‍याउँछ । अन्ततः, नवप्रवर्तनप्रतिको लचकता–नयाँ प्रविधि, नयाँ विचार र प्रशासनिक सुधारलाई आत्मसात् गर्दै बदलिँदो समय र सन्दर्भसँग तालमेल मिलाउन सक्ने क्षमता–रणनीतिक दक्षताको अनिवार्य पक्ष हो । यसरी, रणनीतिक दृष्टिकोण, परिणाममुखी नेतृत्व र नवप्रवर्तनप्रति खुलापन भएको निर्वाचित तृत्व नै दिगो, प्रभावकारी र उत्तरदायी शासनको आधार हो ।

निर्वाचित पदाधिकारीहरूको कार्यगत दक्षता भन्नाले उनीहरूले आफ्नो दैनिक जिम्मेवारी, भूमिका र कार्यसम्पादनलाई प्रभावकारी र परिणाममुखी ढङ्गले पूरा गर्ने सीप र क्षमतालाई जनाउँछ । यो दक्षता उनीहरूको नीति-निर्माण, जनप्रतिनिधित्व र प्रशासनिक नेतृत्वसँग प्रत्यक्ष रूपमा जोडिएको हुन्छ, जसले शासन प्रणालीलाई व्यवहारमै सक्षम र उत्तरदायी बनाउँछ । कार्यगतरूपमा दक्ष जनप्रतिनिधिहरूले राष्ट्रिय तथा स्थानीय आवश्यकताअनुसार व्यवहारिक, व्यावहारिक र कार्यान्वयनयोग्य नीति तथा कानुन निर्माण गर्न सक्छन् । त्यसैगरी, योजना र कार्यक्रम सञ्चालनमा उनीहरूको भूमिका घोषणामा सीमित न रही, सहज र सफल कार्यान्वयनतर्फ उन्मुख हुन्छ । बनेका नीति तथा कार्यक्रमहरू प्रभावकारी रूपमा कार्यान्वयन भएका छन् कि छैनन् भन्ने अनुगमन तथा मूल्याङ्कन गर्ने क्षमता पनि कार्यगत दक्षताको महत्त्वपूर्ण पक्ष हो ।

प्रभावकारी निर्णय क्षमता उनको भूमिकाको अर्को केन्द्रिय तत्व हो, जसअन्तर्गत प्रशासन, छानिएका/नियुक्त पदाधिकारीहरू अन्य सरोकारवालाबीच समन्वय गर्दै व्यावहारिक र परिपक्व निर्णय लिन सक्ने योग्यता आवश्यक हुन्छ । जनप्रतिनिधिले स्रोत परिचालन र बजेट व्यवस्थापनमा पनि दक्ष हुनुपर्छ, जसले जनताको प्राथमिकताअनुसार स्रोत-साधनलाई पारदर्शी र उत्तरदायी ढङ्गले उपयोग गर्न सहयोग गर्छ । त्यस्तै, संवाद र सहमति निर्माणको क्षमता राजनीतिकरूपमा विविध धार, समुदाय वा समूहबीच विश्वास कायम गर्न र साझा उद्देश्यतर्फ उन्मुख गराउन अपरिहार्य हुन्छ । अन्ततः, जनताको प्रश्न, आलोचना र अपेक्षाप्रति जवाफ दिन सक्ने, पारदर्शी बन्ने र सार्वजनिक जवाफदेहिता कायम राख्ने क्षमता नै कार्यगत दक्षताको सारभूत पक्ष हो । यसरी हेर्दा, कार्यगत दक्षता निर्वाचित नेतृत्वलाई व्यवहारिक, परिणाममुखी र जनमुखी शासनतर्फ अभिमुख गराउने मुख्य आधार बनेको छ ।

निर्वाचित पदाधिकारीहरूका दक्षताहरूलाई समग्ररूपमा मूल्यांकन गर्दा उनीहरूको नेतृत्वकारी, भविष्यपरक, रणनीतिक र कार्यगत क्षमता परस्पर-पूरक र शासनको प्रभावकारितासँग सिधै सम्बन्धित देखिन्छ । नेतृत्वकारी दक्षताले जनतालाई प्रेरित गर्ने, साझा दृष्टि निर्माण गर्ने र राजनीतिक सहमति तथा विश्वास कायम राख्ने क्षमतालाई अभिव्यक्त गर्छ, जसले समावेशी, पारदर्शी र मूल्याधारित नेतृत्वको आधार तयार पार्छ । त्यसैगरी, भविष्यपरक दक्षताले दीर्घकालीन सोच, पुस्तान्तरणमुखी दृष्टिकोण र नवप्रवर्तनलाई आत्मसात् गर्ने क्षमता समेट्छ, जसले आगामी चुनौती र अवसरलाई दूरदृष्टियुक्त ढंगले सम्बोधन गर्न मद्दत गर्छ । रणनीतिक दक्षता भनेको दीर्घकालीन् नीति तथा योजना निर्माण, स्रोत-साधनको सदुपयोग, जोखिम पूर्वानुमान, अन्तर-क्षेत्रीय समन्वय तथा सहकार्यमार्फत देशलाई स्थायित्व, दिगोपन र सुशासनतर्फ डोर्याउने क्षमता हो । अन्ततः, कार्यगत दक्षता नीतिलाई व्यवहारमै उतार्ने, कार्यक्रम कार्यान्वयन गर्ने, अनुगमन तथा मूल्यांकनमार्फत सेवा प्रवाहलाई सुदृढ बनाउने, र जनताप्रति पारदर्शी तथा जवाफदेही भएर काम गर्ने सीप हो । यी चारवटै प्रकारका दक्षताहरू सन्तुलनपूर्वक विकास र लागू भएमा मात्रै निर्वाचित पदाधिकारीहरू प्रभावकारी, जवाफदेही र परिणाममुखी नेतृत्वकर्ता बन्न सक्नेछन् ।

नेतृत्वकारी दक्षताको दृष्टिले, निर्वाचित पदाधिकारीहरूले आफ्नो क्षेत्रमा प्राविधिक तथा प्रशासनिक नेतृत्व दिन सक्नुपर्छ, इमानदारी, निष्पक्षता र व्यावसायिकता कायम राख्नुपर्छ, र कार्यदललाई सुशासन र सेवामुखी कार्यसम्पादनतर्फ परिचालन गर्न सक्षम हुनुपर्छ । भविष्यपरक दक्षतामा, नीति कार्यान्वयनमा दीर्घकालीन् परिणामको सोच राख्ने, नयाँ प्रविधि, नवप्रवर्तन र सुधारलाई आत्मसात् गर्ने, तथा भावी पुस्ताको आवश्यकता अनुसार सेवा र प्रशासनिक प्रणाली रूपान्तरण गर्न सक्ने क्षमता अपरिहार्य हुन्छ । रणनीतिक दक्षतामा सरकारको नीति र जनप्रतिनिधिको निर्देशनलाई व्यावहारिक योजनामा रूपान्तरण गर्ने, स्रोत-साधन र मानवशक्ति परिचालनमा दक्षता देखाउने, सम्भावित समस्या वा जोखिमको पूर्वानुमान गरी व्यवस्थापन गर्ने, तथा अन्तर-निकाय र अन्तर्राष्ट्रिय सहयोगमा प्राविधिक सुदृढता पुर्‍याउने क्षमता समावेश हुन्छ । कार्यगत दक्षतामा, कानुन, नियम र प्रशासनिक प्रक्रिया पालना गर्दै सेवा प्रभावकारी बनाउने, दैनिकी प्रशासनिक कार्य, कार्यक्रम कार्यान्वयन, अनुगमन तथा प्रतिवेदनमा दक्षता देखाउने, पारदर्शिता र जवाफदेहिता कायम राख्दै परिणाममुखी काम गर्ने, र जनतालाई प्रत्यक्ष सेवा प्रवाह गर्दा उच्च कार्य-दक्षता प्रदर्शन गर्ने क्षमता पर्दछ । यसरी, निर्वाचित पदाधिकारीका यी बहुआयामिक दक्षताहरू शासन प्रणालीलाई उत्तरदायी, पारदर्शी, प्रभावकारी र नागरिक-केन्द्रित बनाउन महत्त्वपूर्ण आधारका रूपमा स्थापित हुन्छन् ।

निर्वाचित पदाधिकारीहरू र छानिएका/नियुक्त पदाधिकारीको नेतृत्वकारी, भविष्यपरक, रणनीतिक र कार्यगत दक्षतासँगै केही अन्य अपरिहार्य दक्षताका क्षेत्रहरू पनि हुन्छन्, जसले उनीहरूको प्रभावकारिता, जवाफदेहिता र सुशासनमा सीधा प्रभाव पार्छ । यी अतिरिक्त दक्षताहरूले जनप्रतिनिधि र पदाधिकारीलाई बदलिँदो राजनीतिक-प्रशासनिक परिवेशसँग तालमेल मिलाउन, जनअपेक्षा पूरा गर्न, र दीगोपन तथा पारदर्शितामूलक शासन सुनिश्चित गर्न अत्यन्त आवश्यक भूमिका खेल्छन् । संचार दक्षताले जनतालाई नीति, योजना र निर्णयहरू बुझाउन, सार्वजनिक सुनुवाइ तथा परामर्शमार्फत विश्वास निर्माण गर्न, तथा अन्तर-सांस्कृतिक र अन्तर-संस्थागत संवादलाई सहज बनाउन मद्दत गर्छ । सहकार्य र समन्वय क्षमता अर्को महत्त्वपूर्ण पक्ष हो, जसले अन्य विभाग, स्थानीय तह, राजनीतिक दल तथा अन्तर्राष्ट्रिय साझेदार हरूसँग मिलेर परियोजना, नीतिहरू र सेवा प्रवाहलाई प्रभावकारी बनाउँछ ।

समस्या-समाधान र नवप्रवर्तन क्षमता पनि अत्यन्त आवश्यक हुन्छ, किनकि प्रशासनिक, आर्थिक वा सामाजिक चुनौतीहरूलाई व्यावहारिक समाधानद्वारा सम्बोधन गर्न र नयाँ उपाय तथा सुधार अपनाउन सक्ने क्षमता प्रभावकारी नेतृत्वको आधार हो । यस्तै, नैतिकता र पारदर्शिता इलेक्टेड र सेलेक्टेड दुबै प्रकारका अफिसियल्सका मूल गुण हुन्, जसअन्तर्गत सार्वजनिक विश्वास कायम राख्दै, कानुनी तथा नैतिक मानकको कडाइका साथ पालना गर्न आवश्यक हुन्छ । बदलिँदो राजनीतिक, सामाजिक र आर्थिक परिस्थितिमा अनुकूल हुनसक्ने अनुकूलनशीलता र लचिलोपनले उनीहरूको कार्यक्षमता अझ सुदृढ बनाउँछ। अन्ततः, साक्षरता र ज्ञान-आधारित दक्षता–जस्तै तथ्यांक-आधारित निर्णय, अनुसन्धान-आधारित नीति निर्माण, तथा राष्ट्रिय-अन्तर्राष्ट्रिय अवधारणा र प्रवृत्तिको सही उपयोग–समग्र निर्णय प्रक्रिया र नेतृत्व गुणवत्तालाई उन्नत बनाउने आधार हो। यसरी, यी अतिरिक्त दक्षताहरू समन्वित रूपमा विकसित र अभ्यास गर्न सकेमा मात्र इलेक्टेड र सेलेक्टेड अफिसियल्स आधुनिक, उत्तरदायी, नवप्रवर्तनशील र सुशासित नेतृत्वकर्ताका रूपमा उदाउन सक्छन् ।

यी अपरिहार्य दक्षताहरू निर्वाचित पदाधिकारीहरू र छानिएका/नियुक्त पदाधिकारी दुवैका लागि आवश्यक छन् । केवल नेतृत्व वा प्रशासनिक दक्षता मात्र पर्याप्त हुँदैन; संचार, सहकार्य, नैतिकता, नवप्रवर्तन र ज्ञान-आधारित सोच जस्ता क्षेत्रहरूले उनीहरूको प्रभावकारिता र जवाफदेहिता सुनिश्चित गर्छ ।

## सहकार्य र समन्वय आवश्यक क्षेत्रहरु

| दक्षताको क्षेत्र | निर्वाचित पदाधिकारीहरु र छानिएका/नियुक्त पदाधिकारीको बीच सहकार्य आवश्यक कारण |
|---|---|
| **नीति निर्माण / रणनीति निर्धारण** | निर्वाचित पदाधिकारीहरूले राजनीतिक दिशा र प्राथमिकता तय गर्छन्, छानिएका/नियुक्त पदाधिकारीले व्यावहारिक कार्यान्वयन सम्भव बनाउने । दुवैको सहकार्यले नीति व्यवहार्य र परिणाममुखी हुन्छ । |
| **कार्यक्रम कार्यान्वयन** | छानिएका/नियुक्त पदाधिकारीको लक्ष्य र प्राथमिकता तोक्छ, छानिएका/नियुक्त पदाधिकारीले योजना र प्रशासनिक स्रोत परिचालन गर्छ ।दुवैको सहकार्य बिना लक्ष्य पूरा हुँदैन । |
| **संचार र जनसम्पर्क** | जनताको अपेक्षा बुझ्न र सूचना प्रवाह गर्न दुवैको सहयोग आवश्यक छ । |
| **समस्या-समाधान र नवप्रवर्तन** | नीति-कार्यक्रम कार्यान्वयनमा देखा पर्ने चुनौतीहरूलाई सहकार्यमा समाधान गर्न दुवैको अनुभव र दृष्टिकोण आवश्यक हुन्छ । |
| **सहभागिता र समावेशीता** | विभिन्न समुदाय, निकाय र सरोकारवालासँग समन्वय गर्दा दुवैको भूमिका आवश्यक हुन्छ । |
| **जवाफदेहिता / पारदर्शिता** | नीति र कार्यक्रमको परिणाम जनता वा संसदको अगाडि प्रस्तुत गर्दा दुवैको जिम्मेवारी साझा हुन्छ । |

## स्वतन्त्ररूपले काम गर्नुपर्ने क्षेत्रहरु

| दक्षताको क्षेत्र | स्वतन्त्र काम गर्नु पर्ने कारण |
|---|---|
| **नेतृत्वकारी दक्षता (निर्वाचित)** | राजनीतिक नेतृत्व, चुनावी रणनीति, दलको आन्तरिक निर्णय र जनप्रतिनिधित्वमा स्वतन्त्र निर्णय क्षमता आवश्यक हुन्छ । |
| **भविष्यपरक दृष्टिकोण (निर्वाचित)** | दीर्घकालीन राष्ट्रिय दृष्टिकोण, राजनीतिक प्राथमिकता र राष्ट्रिय विकासको दिशा तय गर्दा स्वतन्त्र सोच आवश्यक । |
| **रणनीतिक दक्षता (छानिएका/नियुक्त पदाधिकारी)** | प्रशासनिक योजना, स्रोत परिचालन र जोखिम व्यवस्थापनमा विशेषज्ञको स्वतन्त्र निर्णय आवश्यक हुन्छ । |
| **कार्यगत दक्षता (छानिएका/नियुक्त पदाधिकारी)** | कानुन, नियम र प्रशासनिक प्रक्रिया पालना गर्दै सेवा प्रभावकारी बनाउने जिम्मेवारी प्राविधिक र प्रशासनिक अधिकृतको हुन्छ । |
| **प्राविधिक विशेषज्ञता (छानिएका/नियुक्त पदाधिकारी)** | वित्त, प्रशासन, कानून, प्रविधि जस्ता क्षेत्रमा व्यावसायिक निर्णय स्वतन्त्र रूपमा लिन आवश्यक हुन्छ । |

प्रजातान्त्रिक शासन प्रणालीमा निर्वाचित र छानिएका/नियुक्त पदाधिकारीको भूमिका स्पष्टरूपमा फरक भए पनि सहकार्यमा आधारित र सन्तुलित हुनुपर्ने आवश्यकता अत्यन्त महत्त्वपूर्ण छ । निर्वाचित पदाधिकारीले राजनीतिक नेतृत्व र दिशा निर्धारण गर्दै सरकारको नीति, प्राथमिकता र दीर्घकालीन् रणनीति तय गर्छन्, जनताको माग र निर्वाचन क्षेत्रको आवाज संसद तथा सरकारमा पुऱ्याउँछन्, कानुन र नीति निर्माणमार्फत राष्ट्रिय कार्यक्रम पारित गर्छन्, आफ्नो निर्णय र सरकारले गरिरहेका कार्यका लागि जवाफदेही रहन्छन्, र प्रधानमन्त्री वा मन्त्रीको रूपमा सरकारी नेतृत्व प्रदान गर्छन् । छानिएका/नियुक्त पदाधिकारी भने निर्वाचित पदाधिकारीकोले तय गरेका नीति, कानुन र कार्यक्रमलाई व्यवहारमा उतार्ने, मन्त्री र संसदलाई प्राविधिक तथा तथ्याङ्कमा आधारित सल्लाह दिने, बजेट, मानवशक्ति र प्रशासनिक स्रोतको प्रभावकारी प्रयोग सुनिश्चित गर्ने, नीति तथा कार्यक्रमको अनुगमन र मूल्याङ्कन गर्ने, र प्रशासनिक नियम तथा प्रक्रियाअनुसार सेवामुखी प्रशासन सञ्चालन गर्ने जिम्मेवारीमा हुन्छन् ।

सहकार्य र सन्तुलनको दृष्टिले हेर्दा, नीति तथा कार्यक्रम सफल बनाउन निर्वाचित पदाधिकारीले राजनीतिक दिशा तोक्छन् भने छानिएका/नियुक्त पदाधिकारीले त्यसलाई व्यवहारमा उतार्छन् । जवाफदेहिता र पारदर्शिता सुनिश्चित गर्न दुवै पक्षले संयुक्तरूपमा जिम्मेवारी लिनुपर्छ। व्यावहारिक चुनौती वा असहमति आउँदा दुवै पक्षको सहकार्य अपरिहार्य हुन्छ ।

प्रजातान्त्रिक लाभ वितरणमा निर्वाचित पदाधिकारीले नीति र प्राथमिकता निर्धारण गर्दै जनताको माग र निर्वाचन क्षेत्रमा आधारित भएर को-कसलाई, कुन क्षेत्रमा लाभ पुग्ने भन्ने निर्णय गर्छन् उनीहरूले विविध समुदाय, क्षेत्र वा वर्गको आवश्यकता प्रतिनिधित्व गर्दै लाभ वितरणमा न्याय सुनिश्चित गर्छन्, सार्वजनिक छलफल र पारदर्शिता कायम गर्छन्, र उत्पन्न असन्तुष्टि वा विवादको लागि राजनीतिक जवाफदेहिता देखाउँछन् । छानिएका/नियुक्त पदाधिकारीले प्राविधिक योजना तथा कार्यान्वयन गर्दै बजेट, मानवशक्ति र अन्य साधन परिचालन गरेर लाभ प्रभावकारी ढङ्गले पुऱ्याउँछन्, अनुगमन र मूल्यांकनमार्फत वितरण सही

र न्यायोचित भएको सुनिश्चित गर्छन्, र नियम, कानुन तथा प्रशासनिक प्रक्रियाअनुसार पारदर्शिता कायम राख्छन् । सहकार्यका क्षेत्रहरूमा नीति-कार्यक्रम सफल बनाउन, लाभ वितरणमा संयुक्त जवाफदेहिता सुनिश्चित गर्न, र राजनीतिक निर्णय तथा प्राविधिक दक्षताबीच सन्तुलन कायम गर्न आवश्यक छ, किनभने यसले असमानता, ढिलाइ वा असफलता कम गर्छ ।

सेवा प्रवाहको प्रभावकारितामा निर्वाचित पदाधिकारीले नीति र प्राथमिकता निर्धारण गर्दै जनताको आवश्यकता र निर्वाचन क्षेत्रको मागअनुसार सेवा प्राथमिकता तय गर्छन्, सेवाको पहुँच र गुणस्तरका बारेमा जनताको आवाज संसद वा सरकारमा पुऱ्याउँछन्, सार्वजनिक जवाफदेहिता प्रदर्शन गर्छन्, र समुदाय वा सरोकारवालासँग समन्वय गरेर सहभागी सेवा सुनिश्चित गर्छन् । छानिएका/नियुक्त पदाधिकारीले नीति अनुसार सेवा वितरणका लागि प्रक्रिया, नियम र कार्यक्रम तयार पार्छन्, मानवशक्ति, बजेट र अन्य साधन परिचालन गरेर सेवा प्रभावकारी बनाउँछन्, अनुगमन र मूल्यांकन गरी सेवा सही, पारदर्शी र समयमै पुगेको सुनिश्चित गर्छन्, र प्रशासनिक जवाफदेहिता कायम राख्छन् । अन्ततः, नीति र कार्यान्वयनबीचको सेतुको रूपमा दुवै पक्षको सहकार्यले पारदर्शिता, जवाफदेहिता र समावेशी सेवा वितरण सुनिश्चित गर्दै सेवा प्रवाहमा असमानता, ढिलाइ र भ्रष्टाचार कम गर्छ ।

सरकारी कार्य सञ्चालन र नीति कार्यान्वयनमा निर्वाचित र छानिएका/नियुक्त पदाधिकारीबाहेकका अन्य सहकर्मी वा सरोकारवालाको सहज परिचालनमा दुवैको भूमिका अत्यन्तै निर्णायक हुन्छ । निर्वाचित पदाधिकारीले राजनीतिक दिशा, प्राथमिकता र नीति निर्माणमार्फत सहकर्मी र सरोकारवालाको भूमिकालाई स्पष्ट बनाउँछन् । उनीहरूले कुन उद्देश्यप्रति काम गर्नुपर्ने, कुन कार्यक्रम वा परियोजना प्राथमिकता पाउने भन्ने तय गर्छन् र जनतासँगको संवाद तथा प्रतिनिधित्वमार्फत सहकार्यलाई वैधता र समर्थन प्रदान गर्छन् ।

छानिएका/नियुक्त पदाधिकारीले प्रशासनिक र प्राविधिक दक्षताको आधारमा सहकर्मी र सरोकारवालाको परिचालन सहज बनाउन भूमिका खेल्छन् । उनीहरूले स्रोत, कार्यप्रणाली, तालिका र जिम्मेवारी स्पष्ट पारेर सहकर्मीहरूको कार्य प्रभावकारी र समयमै सम्पन्न हुन सुनिश्चित गर्छन् । साथै, अनुगमन, मूल्यांकन र प्रतिवेदनमार्फत सहकर्मीहरूको कार्यदक्षता कायम राख्छन् ।

संक्षेपमा, निर्वाचित पदाधिकारीले दिशा र वैधता प्रदान गर्ने, निर्वाचित पदाधिकारीले व्यवस्थापन र कार्यान्वयन सुनिश्चित गर्ने र दुवैको सहकार्यले अन्य सहकर्मी, निकाय र सरोकारवालाको परिचालन सहज, परिणाममुखी र समन्वित हुन्छ । यसरी मात्र नीति र कार्यक्रम प्रभावकारी रूपमा लागू हुने वातावरण निर्माण गर्न सकिन्छ ।

अहिले राजनीतिक दलमा पुस्तान्तरण र रुपान्तरण तथा सार्वजनिक प्रशासन विशेषतः निजामती सेवामा सुधारको बहस सामयिक मात्र नभई अपरिहार्य बनेको छ । शासन प्रणालीलाई प्रभावकारी बनाउन निर्वाचित र नियुक्त दुवै प्रकारका अधिकारीहरूको समान योगदान आवश्यक हुन्छ । तर दुवै पात्रले समयको मागअनुसार दूरदर्शिता देखाउन नसक्दा, नवप्रवर्तन आत्मसात् गर्न असफल हुँदा र पुरानो ढाँचामै अडिग रहँदा सेवाप्रवाह ढिलो, अपारदर्शी र अप्रभावकारी बनेको छ । यसले नागरिकमा असन्तुष्टि र अविश्वास जन्माउँछ, जसको परिणामस्वरूप शासन प्रणालीमा रूपान्तरणको माग तीव्र हुन्छ । यो

दबाबलाई अस्वीकार गर्नु असम्भव छ। डार्विनको अनुकूलन सिद्धान्त जस्तै राजनीतिक नेतृत्व र प्रशासनिक संयन्त्रले समयसापेक्ष समायोजन गर्दै जानैपर्छ।

परिवर्तन जीवनको नियमित र अपरिहार्य प्रक्रिया हो। समयको प्रवाहसँगै सामाजिक, शैक्षिक, प्राविधिक, राजनीतिक र आर्थिक क्षेत्रका कारकहरूले परिवर्तनको माग गर्दछन्। यो केवल विकल्प होइन, आवश्यकताका रूपमा देखा पर्छ। नयाँ सोच, विधि र प्रणाली आत्मसात् गर्दै अघि बढ्न सक्नु नै संस्थागत तथा व्यक्तिगत प्रगतिका लागि अनिवार्य हुन्छ। आज नेपालमा दल र निजामती प्रशासन दुवै क्षेत्रमा रूपान्तरणको बहस तीव्र हुनु केवल सामयिक घटना मात्र होइन, बरु अपरिहार्य यथार्थ बनेको छ।

लोकतान्त्रिक शासन प्रणालीलाई सबल बनाउनुपर्ने प्रमुख जिम्मेवारी बोकेका दलका नेतृत्वहरू व्यक्तिगत र गुटगत स्वार्थमा अल्झिँदा लोकतान्त्रिक मूल्य कमजोर भएका छन्। सत्तासंघर्ष, पद-स्रोतको बाँडफाँड र विचौलियासँगको अस्वस्थ सम्बन्धले गर्दा सुशासन र जवाफदेहिता सुदृढ हुन सकेको छैन।

मतदाताको परम्परागत झुकाव र जातीय-क्षेत्रीय आधारमा हुने समर्थनले दललाई चुनावी लोकप्रियता कायम राख्न सजिलो पारे पनि नीति निर्माण र कार्यान्वयनमा जनउत्तरदायित्व कम देखिएको छ। यसले चुनावी परिणाम र शासनको गुणस्तरबीच गहिरो खाडल सिर्जना गरेको छ।

अब नयाँ पुस्ता, विशेषतः जेनरेशन जेड, राजनीतिक सचेतना र मूल्य-अभिमुख दृष्टिकोणसहित सार्वजनिक जीवनमा सक्रिय हुँदैछ। यसले पुराना समीकरण तोड्दै नयाँ मूल्य र अभ्यासको माग बढाएको छ। त्यसैले दलहरूले नैतिक मूल्य, पारदर्शिता र जवाफदेहितामा आधारित रूपान्तरण नगरे लोकतान्त्रिक प्रणाली नै संकटमा पर्ने सम्भावना छ।

निजामती सेवा कुनै पनि राज्यको मेरुदण्ड हो। तर हालको अवस्थाले यसको भित्री कमजोरी उजागर गरिरहेको छ। पदस्थापन र सरुवामा योग्यता भन्दा बढी राजनीतिक दबाब, शक्ति-केन्द्र र विचौलियाको प्रभाव निर्णायक बनेको छ। प्रशासनिक नेतृत्वले सुधार र नवप्रवर्तनलाई गौण ठानी व्यक्तिगत सुविधा, पदसुरक्षा र अवकाशपश्चातको अवसरलाई प्राथमिकता दिने प्रवृत्तिले योग्य र इमानदार कर्मचारी निराश भएका छन्। यति मात्र होइन, कर्मचारी ट्रेड यूनियनहरू पनि पेशागत हकहितका सच्चा वकालतकर्ताभन्दा राजनीतिक निष्ठा र व्यक्तिगत लाभको साधनमा रूपान्तरण भएका छन्। यसले सेवाप्रवाहलाई जनमैत्री र परिणाममुखी बन्न दिएन।

शासन प्रणालीमा देखिएको सुशासन र नैतिकताको खडेरीले समस्या झनै गहिरो बनाएको छ। शक्ति र स्वार्थको खेलमा पारदर्शिता र जवाफदेहिता हराउँदा नागरिकले ढिलो, अपारदर्शी र विभेदपूर्ण सेवा पाउँछन्। यसले मात्र होइन, संस्थागत विश्वास र क्षमता दुवै कमजोर बनाउँछ। यथार्थ के हो भने, सुशासन र नैतिकता बिना कुनै पनि रूपान्तरण दीर्घकालीन र परिणाममुखी हुन सक्दैन।

दल र प्रशासन दुवै क्षेत्रमा देखिएका कमजोरीले वर्तमान अवस्थामा रूपान्तरणलाई विकल्प होइन, बाध्यात्मक आवश्यकता बनाएको छ। नागरिकमा बढ्दो असन्तुष्टि, नयाँ पुस्ताको मूल्य-अभिमुख सोच र शासनको गुणस्तरबारे तीव्र चासोले यो मागलाई जनसमर्थनयुक्त बनाइरहेको छ।

रूपान्तरणको सार भनेको योग्यता, पारदर्शिता, जवाफदेहिता, प्राविधिक दक्षता र नैतिक मूल्यमाआधारित

प्रणालीको निर्माण हो। यसैमार्फत मात्र दलहरू लोकतान्त्रिक मूल्यप्रति उत्तरदायी बन्न सक्छन् र निजामती प्रशासन नागरिकमैत्री सेवाप्रवाहको भरोसायोग्य संयन्त्र बन्न सक्छ।

दल र निजामती प्रशासनमा देखिएको वर्तमान स्थिति सुधारविना दीर्घकालीन लोकतान्त्रिक सबलीकरण र सुशासन सम्भव छैन। पुरानै ढाँचामा अडिग रहँदा सेवाप्रवाह ढिलो, अपारदर्शी र विभेदपूर्ण हुन्छ, जसको प्रत्यक्ष मार नागरिकले भोग्नुपर्छ। त्यसैले रूपान्तरण अब विलम्ब गर्ने विषय होइन, तत्कालिक दायित्व बनेको छ।

राजनीतिक दलले नैतिक मूल्य र जवाफदेहिता आत्मसात् गर्नुपर्छ। निजामती प्रशासनले योग्यता र पारदर्शितामा आधारित सुधारमार्फत नागरिकमैत्री बन्न रूपान्तरणको बाटो समाउनै पर्दछ। रूपान्तरणको बाटो कठिन छ, तर यही बाटोले मात्र लोकतन्त्रलाई सबल, प्रशासनलाई विश्वासिलो र शासनलाई जनउत्तरदायी बनाउन सक्छ।समयको माग पनि यहि हो।

## उपसंहार

निर्वाचित (इलेक्टेड) र नियुक्त/छानिएका (सेलेक्टेड) पदाधिकारी दुवैको भूमिका प्रजातान्त्रिक शासन प्रणालीमा अनिवार्य र परस्पर पूरक हुन्छ। निर्वाचित जनप्रतिनिधिहरूले जनताबाट प्राप्त राजनीतिक वैधताको आधारमा नीति निर्माण, दीर्घकालीन रणनीति र प्राथमिकता निर्धारण गर्छन् भने नियुक्त/छानिएका पदाधिकारीले प्रशासनिक र प्राविधिक दक्षताको माध्यमबाट ती नीतिहरू कार्यान्वयन, स्रोत परिचालन र अनुगमन-मूल्यांकन सुनिश्चित गर्छन्। दुवैको सहकार्यले शासन प्रणालीलाई उत्तरदायी, पारदर्शी, समावेशी र परिणाममुखी बनाउँछ।

आजको सामाजिक, राजनीतिक र प्रशासनिक परिवेशमा रूपान्तरण अपरिहार्य बनेको छ। पुरानो ढाँचामा अडिग रहँदा सेवा ढिलो, अपारदर्शी र असमान हुन्छ, जसले नागरिक असन्तुष्टि र संस्थागत अविश्वास निम्त्याउँछ। नयाँ पुस्ताको मूल्य-अभिमुख दृष्टिकोण, नागरिक अपेक्षा र दिगो विकासका चुनौतीले दुवै पक्षमा नवप्रवर्तन, पारदर्शिता, जवाफदेहिता र दक्षतामूलक सुधार आवश्यक भएको देखाउँछ।

अन्ततः, दीर्घकालीन लोकतान्त्रिक सबलीकरण, सुशासन र प्रभावकारी सेवा प्रवाह सुनिश्चित गर्न निर्वाचितले राजनीतिक नेतृत्व र नीति निर्धारणमा स्वतन्त्रता राख्नुपर्छ भने नियुक्त/छानिएकाले प्रशासनिक र प्राविधिक निर्णयमा दक्षता र पारदर्शिता सुनिश्चित गर्नुपर्छ। दुवैको सहकार्यमा मात्र नीति र कार्यक्रम व्यवहारिक, न्यायोचित, समयमै र परिणाममुखीरूपमा कार्यान्वयन हुन सक्छ। रूपान्तरण अब विकल्प नभई आवश्यकता हो, जसले लोकतन्त्रलाई सबल, प्रशासनलाई विश्वासिलो र शासनलाई जनउत्तरदायी बनाउँछ।

## References

Barnard, C. I. (1938). *The functions of the executive.* Harvard University Press.

Celock, J. R. D. (2011). *The next generation: Young elected officials and their impact on American politics.* Bloomsbury Publishing.

Fitch, B. (2010). *Citizen's handbook to influenc elected officials.* TheCapitol.Net.

Morgan, D. R., England, R. E., & Pelissero, J. P. (2016). *Managing urban America* (8th ed.). Routledge.

Morgan, D. F., & Gleason, M. (2020). *Local elected officials: Guardians of good governance.* ICMA Press.

Waldo, D. (1948). *The administrative state: A study of the political theory of American public administration.* Ronald Press.

Van der Meer, F. M., & Raadschelders, J. C. N. (2020). Elected officials in an era of austerity: Stewards, mediators, and catalysts. In A. Farazmand (Ed.), *The Palgrave handbook of the public servant* (pp. 1–17). Palgrave Macmillan. https://doi.org/10.1007/978-3-030-29980-4_18

Regmi, D. (2022). *Shaskiya prabandhka navīnatam ayāmharu* [Latest dimensions of public administration]. Aksharank Prakashan Pvt. Ltd.

Regmi, D. (2023). *Shasakiya prabandh prashasan ra vyavasthapan* [Governmental management, administration, and governance] (3rd rev. ed.). Aksharank Prakashan Pvt. Ltd.

***